# कुमारी बैंक लिमिटेड

## पन्ध्रौं वार्षिक साधारण सभा
## (२०७२/११/२८)

# निर्णय विवरण

# श्री कुमारी बैंक लिमिटेडको
# पन्ध्रौं वार्षिक साधारण सभाको
# निर्णय विवरण

श्री कुमारी बैंक लिमिटेडको पन्ध्रौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री सन्तोष कुमार लामाज्यूको अध्यक्षतामा देहाय बमोजिम गरि सम्पन्न भयो ।

**१) सभाको मिति, स्थान र समय**

मिति : २०७२ साल फागुन महिना २८ गते शुक्रवार (तदनुसार ११ मार्च २०१६)
स्थान : लैनचौर बैङ्क्वेट्स, नेपाल स्काउट कम्पाउण्ड, लैनचौर, काठमाडौं ।
समय : विहान ११:०० बजे ।

**२) सभाको सूचना प्रकाशन**

(क) यस बैंकको मिति २०७२ साल फागुन महिना ०३ गते बसेको सञ्चालक समितिको बैठकले निर्णय गरे बमोजिम बैंकको पन्ध्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा बैंकको नियमावलीको नियम ४ को उपनियम (३) अनुसार मिति २०७२ फागुन ०६ गते र २०७२ फागुन २१ गते क्रमशः कारोवार राष्ट्रिय दैनिक र अन्नपूर्ण राष्ट्रिय दैनिकमा गरी २ पटक सूचना प्रकाशित गरिएको ।

(ख) कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिम वार्षिक प्रतिवेदन, बैंकको वित्तीय विवरणहरु, सम्बन्धित शेयरधनीहरुको ठेगानामा पन्ध्रौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना साथ सम्लग्न गरी पठाईएको ।

(ग) कम्पनी ऐन, २०६३ को दफा ७९ बमोजिम साधारण सभामा छलफल गरिने वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, कम्पनी ऐनको दफा ७८ अनुसार तयार गरिएको प्रतिवेदन र सभामा छलफल हुने प्रस्तावहरु सभा हुनुभन्दा एक्काईस दिन अगावै तयार गरी बैंकको रजिष्टर्ड कार्यालयमा शेयरधनीहरुले निरीक्षण गर्न पाउने व्यवस्था गरिएको ।

(घ) साधारण सभामा पर्यवेक्षकको रुपमा उपस्थित हुन नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्टारको कार्यालय, नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्स्चेन्ज लिमिटेडलाई अनुरोध गरी पत्राचार गरिएको ।

(ङ) साधारण सभामा आमन्त्रित भई दिनका लागि वाह्य लेखापरीक्षक श्री बकर टिल्ली देव एशोसियट्सलाई र कानुनी सल्लाहाकार श्री लिगल एड्भाईजर्स फोरमका बरिष्ठ अधिवक्ता शम्भु थापालाई अनुरोध गरिएको ।

**३) सभामा प्रस्तुत छलफलका विषयहरु :**

**क. सामान्य प्रस्ताव**

१. पन्ध्रौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७१/७२ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७२ को वासलात, आ.व. २०७१/७२ को नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण, नाफा नोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्वद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने ।

३. आ.व.२०७२/७३ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने (वर्तमान लेखापरीक्षक श्री देव एशोसियट्स पुनः नियुक्तीको लागि ग्राह्य हुनु हुन्न) ।

४. सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम रु.१,४०,७८,१५६/– (चुक्ता पुँजीको ०.५८ प्रतिशत) नगद लाभाँश (बोनश शेयरमा लाग्ने कर प्रयोजनार्थ) स्वीकृत गर्ने ।

**ख. विशेष प्रस्ताव**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पुँजीको ११ (एघार) प्रतिशत बोनश शेयर स्वीकृत गर्ने तथा सोको लागि प्रबन्धपत्रको दफा ५ (ख) र (ग) शंसोधन गरी बैंकको जारी पुँजी र चुक्ता पुँजी बृद्धि गर्ने ।

२. बैंकको प्रबन्धपत्रमा रहेको बैंकको उद्देश्य प्राप्तिका लागि गरिने कार्यहरु (दफा ४ को उपदफा (ह) (१६)) थप गर्ने र सो संशोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न सुझाव भएमा सो अनुरुप आवश्यक समायोजन गर्न सञ्चालक समिति (वा समितिले तोकेको व्यक्ति) लाई अधिकार प्रदान गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १०५ (१) (ग) अनुसार भएको कार्यको अनुमोदन गर्ने ।

**ग. विविध ।**

**४) सभामा उपस्थिति :**

**(क) सञ्चालकहरुको उपस्थिति**

| | | |
|---|---|---|
| १) | श्री सन्तोष कुमार लामा | अध्यक्ष – उपस्थित |
| २) | डा. शोभा कान्त ढकाल | सञ्चालक – उपस्थित |
| ३) | श्री उत्तम प्रसाद भट्टराई | सञ्चालक – उपस्थित |
| ४) | श्री नरेश दुगड | सञ्चालक – अनुपस्थित |
| ५) | ई. बिनोद दवाडी | सञ्चालक – उपस्थित |
| ६) | श्री पुना राम भण्डारी | सञ्चालक – उपस्थित |
| ७) | श्री रसेन्द्र वहादुर मल्ल | सञ्चालक – अनुपस्थित |

**(ख) पर्यवेक्षक तथा आमन्त्रितको उपस्थिति :**

१) पर्यवेक्षक, सहायक रजिष्ट्रार श्री खेम राज खत्री - श्री कम्पनी रजिष्ट्रारको कार्यालय

२) पर्यवेक्षक, अधिकृत श्री नविन मान बैद्य – श्री नेपाल धितोपत्र बोर्ड

३) आमन्त्रित, कानुनी सल्लाहाकार, लिगल एडभाईजर्स फोरम– बरिष्ठ अधिवक्ता श्री शम्भु थापा

४) आमन्त्रित वाह्य लेखापरीक्षक बकर टिल्ली देव एशोसियट्सका प्रतिनिधि श्री सुदेश पाण्डे

**(ग) बैंक पदाधिकारीहरुको उपस्थिति** :

| | | |
|---|---|---|
| १) | श्री राजिव गिरी | - का.मु.प्रमुख कार्यकारी अधिकृत |
| २) | श्री अंगिर मान सिंह | – सहायक महाप्रबन्धक |
| ३) | श्री रामेश्वर शर्मा अर्याल | - सहायक महाप्रबन्धक |
| ४) | श्री गणेश कुमार के.सी. | - प्रमुख – आन्तरिक लेखापरीक्षक |
| ५) | श्री निर्मल कुमार खतिवडा | - प्रमुख – वित्त, योजना तथा एमआईएस |
| ६) | श्री कुमार उप्रेती | - अध्यक्ष - कुमारी बैंक लिमिटेड कर्मचारी संघ |
| ७) | श्री नरेन्द्र प्रसाद छत्कुली | - कम्पनी सचिव/प्रमुख-कानून तथा अनुपालन |

**(घ) शेयरधनीहरुको उपस्थिति :**

१) संस्थापक समूहको स्वयम् उपस्थित ८ जना र प्रोक्सी दिने १०० जना शेयरधनीहरुवाट प्रतिनिधित्व भएको शेयर संख्या १,१७,७५,६३८

२) सर्वसाधारण शेयरधनीहरुवाट स्वयम् उपस्थित ५८१ जना र प्रोक्सी दिने २५३ जना शेयरधनीहरुवाट प्रतिनिधित्व भएको शेयर संख्या ४३,८८,७२७

३) कुल शेयरधनीको प्रतिनिधित्व संख्या ९४२

४) शेयरको कुल उपस्थिति प्रतिशत ६६.४७४

**५) सभाको गणपूरक संख्या :**

| विवरण | जम्मा शेयर | स्वयम् उपस्थिति | प्रतिनिधि मार्फत | कुल शेयरधनी संख्या | शेयरको कुल उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|
| बांडफांड भएको कुल शेयर संख्या २,४३,१६,८१५ | १,६१,६४,३६५ | ५८९ | ३५३ | ९४२ | ६६.४७४ |

**६) सभाको वैधानिकता :**

सभा सञ्चालन गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा बैंकको नियमावलीको नियम ५ बमोजिम बाँडफाँड भएको कूल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरुमध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनुपर्ने प्रावधान अनुसार विहान ११:०० बजेसम्म कूल शेयर संख्या (२,४३,१६,८१५) को १,२७,८६,८७३ शेयर अर्थात ५२.५८ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने तीनजना भन्दा बढी शेयरधनीहरुको उपस्थिति भई साधारण सभाको गणपूरक संख्या पुगेको कुरा कम्पनी सचिवले सभालाई अवगत गराउँदै सभा संचालन गर्न प्रचलित ऐन, कानुन बमोजिम सभा वैधानिक रहेको कुरा जानकारी गराउनु भयो । सभा प्रारम्भ भई समापन नहुँदासम्मको हाजिरी अभिलेख अनुसार माथि तालिकामा उल्लिखित संख्याको शेयर तथा शेयरधनीहरुको प्रतिनिधित्व सभामा रहेको थियो ।

**७) सभाको अध्यक्षता :**

कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) अनुसार साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूबाट हुने भएकोले कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री सन्तोष कुमार लामाज्यूलाई सभाको अध्यक्षता गरी दिन आग्रह भएबमोजिम वहांले अध्यक्षताको आसन ग्रहण गर्नुभयो । साथै सञ्चालक समितिका अन्य सदस्यज्यूहरु, पर्यवेक्षक तथा आमन्त्रित, बैंकका पदाधिकारीहरु सवैलाई आ–आफ्नो स्थानवाट आसन ग्रहण गरि दिन कम्पनी सचिवले अनुरोध गरे बमोजिम वहांहरुले समेत आसन ग्रहण गर्नुभयो ।

**८) सञ्चालक समितिको वार्षिक प्रतिवेदनको प्रस्तुती :**

अध्यक्षज्यूले उपस्थित शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत गर्दै साधारण सभाको कार्यक्रम अघि बढाउने क्रममा सञ्चालक समितिको पन्ध्रौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरण समेतको विवरण पुस्तिका शेयरधनीहरुले अध्ययन गरी सक्नु भएको होला भन्ने विश्वासका साथ बैंकको आ.व. २०७१।७२ को संक्षिप्त वित्तीय झलक लगायत चालु आ.व.को लक्ष्य, द्वितीय त्रैमासिक अर्थात पौष मसान्त सम्मको संक्षिप्त वित्तीय विवरणहरु सहित बैंकको अन्य गतिविधिको बारेमा सभालाई छोटकरीमा जानकारी गराउनु भयो ।

**९) पन्ध्रौं वार्षिक प्रतिवेदन तथा नाफा नोक्सान हिसाबको प्रस्तुती :**

सभाका अध्यक्षज्यूले सञ्चालक समितिको तर्फवाट बैंकको पन्ध्रौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७१/७२ को वासलात, नाफा–नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र अनुसूचिहरु तथा सभामा प्रेषित अन्य प्रस्तावहरु सभामा छलफलका लागि प्रस्तुत गर्नुभयो ।

**१०) छलफलका लागि आव्हान :**

साधारण सभामा शेयरधनीहरुले निर्धारीत विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (६) मा भए अनुरुप अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले सञ्चालक समितिको पन्ध्रौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७१/७२ को वासलात, नाफा–नोक्सान हिसाब, नगद प्रवाह विवरण, अनुसूचिहरु तथा सभामा प्रस्तुत विषयहरुमा छलफलको लागि आ–आफ्नो मन्तव्य, विचार, जिज्ञासा तथा सुझावहरु राख्न चाहने शेयरधनी महानुभावहरुलाई क्रमैसंग सहभागी हुन अनुरोध गर्नुभयो ।

**११) छलफलमा सहभागी हुने शेयरधनीहरुः**

१. डा. माधव कुमार श्रेष्ठ
२. श्री अमृतनाथ रेग्मी
३. श्री उद्धव प्रसाद घिमिरे
४. अधिवक्ता अशोक उप्रेती
५. श्री कुवेर श्रेष्ठ (पूर्व मेजर)
६. श्री अमिर दास रंजित
७. श्री ब्यास कुमार शर्मा
८. श्री रोज कुमार श्रेष्ठ
९. श्री डम्मरु बल्लभ घिमिरे
१०. श्री महेन्द्र श्रेष्ठ
११. श्री जयन्द्र मान सिंह बानिया
१२. श्री शिव प्रसाद शर्मा

**१२) छलफलमा सहभागी शेयरधनीहरुबाट व्यक्त धारणा, जिज्ञासा, तथा सुझावः**

छलफलमा सहभागी हुनुभएका शेयरधनीहरुबाट व्यक्त विचार, धारणा, जिज्ञासा तथा सुझावहरुलाई सारांशको रुपमा देहाय बमोजिम प्रस्तुत गरिएको छ :–

**क) डा. माधव कुमार श्रेष्ठ :–** उपस्थित सवैलाई सम्वोधन गर्दै बैंकले ११ प्रतिशत बोनश शेयर दिएकोमा र कर प्रयोजनार्थ लाभांश दिएकोमा धन्यवाद प्रकट गर्नु भयो । Bonus Share is a boom of shareholder भन्दै वासलात तर्फ गत वर्ष भन्दा आम्दानीको अनुपातमा खुद मुनाफा राम्रो छ, मूल्य आम्दानी अनुपात राष्ट्रिय र अन्तराष्ट्रिय स्तरको दिनु पर्ने हो तर अन्तराष्ट्रिय स्तरको १० देखि १५ प्रतिशत हो भन्ने सुनेको छु । त्यस बारेमा राष्ट्रिय अन्तराष्ट्रिय के कति हो राष्ट्र बैंकले थाहा दिनु पर्ने हो त्यसतर्फ राष्ट्र बैंकको ध्यान जाओस भन्ने सुझाव व्यक्त गर्नु भयो । बैंकको talented people भन्नाले कर्मचारी, CEO मात्र नभई सञ्चालक समिति र शेयरधनी पनि हो त्यस तर्फ ध्यान दिनु पर्छ । शेयरधनी बैंकको ठूलो Resource हो त्यसको उपयोगमा पनि ध्यान दिनु पर्छ । शेयरधनीहरुले बैंकमा लगानी गरेर लखपति हुन चाहान्छन । सो को लागि सञ्चालक समितिमा मात्रै जिम्मेवार छैन । राष्ट्र बैंक, देशको राष्ट्रिय अर्थतन्त्र, बैंकको प्रमुख कार्यकारी अधिकृत, शेयरधनी पनि Vigilant हुन आवश्यक छ अनिमात्र लखपति हुन सकिन्छ । यस बैंकको निरन्तर सफलताको लागि नयाँ नयाँ Innovation गर्दै जानु पर्छ त्यसको लागि Talent people ले ध्यान दिनु पर्छ, Oppertunity to grow मा ध्यान दिनु पर्छ, resource, innovation never stop भन्ने भनाईहरु राख्नु भयो ।

**ख) श्री अमृत नाथ रेग्मी :–** उपस्थित सवैलाई सम्वोधन गर्नु भयो र बैंकको मर्जर प्रकृयालाई लक्षित गर्दै हामी जहाँ मिल्न गई रहेका छौं त्यो अवस्थामा के हुन्छ भन्ने कुराको छोटकरीमा चर्चा गर्नु भयो । यस बैंक र अन्य बैंकहरु सवैले एक अर्कालाई acquisition गर्छन । हालको चुक्ता पुँजीलाई आधार मानी रु.८ अर्व भन्दा बढीको पुँजि हुन्छ । तर आफ्नो बिचारमा दुई वटा वाणिज्य बैंकको शेयर स्वाप अनुपात १:१ अझै कुमारीको १०५:१०० भन्दा बढी हुनु पर्ने विचार रहेकोले त्यस तर्फ सञ्चालक समितिले ध्यान दिन सुझाव गर्नु भयो । रु.८ अर्वको चुक्ता पुँजि भएको बैंकले बजारमा सोही अनुपातको पुँजि भएका बैंकहरुसँग प्रतिस्पर्धा गर्दा अरुको रु.६ अर्व भन्दा बढीको साधारण जगेडाकोष लिएर बसेको छन् भने यस संस्थाको चुक्ता पुँजिको एक चौथाई जगेडा कोष मात्र हुने भएकोले कमाउन कठिन छ । अतः डिभेन्चर निकाल्न सुझाव गर्नु भयो । निक्षेप तर्फ विदेशी मुद्राको निक्षेप कम हुने भएकोले प्रतिस्पर्धा गर्न कठिन छ त्यसतर्फ

ध्यान दिन सुझाव गर्नु भयो । कुमारी भन्ने शब्दलाई नहटाउन र कुमारीको नाम अगाडी हुनु पर्छ र कुमारीको लोगो हुनु पर्नेमा जोड दिनु भयो । मर्जर पछि ९३ अर्वको Total Capital Structure मा पुग्छौं त्यो हुँदा हिमालय बैंक भन्दा माथि पुग्ने भएकोले Assets मात्रै माथि गएर हुँदैन वासलाततलाई Contribute गर्ने Factor भनेको FC, Foreign Exchange Income र Total interest income हो । FC मा प्रतिस्पर्धीहरुको रु.९३ करोड भन्दा बढीको आम्दानी देखिन्छ भने हाम्रो समूहको करिव रु.५५ करोड मात्र कमाउने अवस्था देखिन्छ । त्यसैगरी Foreign Exchange Income तर्फ हेर्दा त्यो प्रतिस्पर्धी समूहले झण्डै रु.६० करोड कमाउने देखिन्छ भने हाम्रो समूहले रु.१२ करोड मात्र कमाउने देखिन्छ त्यसतर्फ पनि ध्यान दिनु पर्‍यो । Total interest income तर्फ त्यो समूहको Overhead Expense बढीमा ३० प्रतिशत मात्रै छ भने यो समूहको झण्डै ४४ प्रतिशत हुने देखिन्छ । यस तर्फ ध्यान दिई कर्मचारी कटौति वा Staff Expense लाई कम गर्नु वा Staff को Productivity बढाउनु भयो भने मात्र शेयरधनीलाई राम्रो Return दिन सकिन्छ भन्ने सुझाव व्यक्त गर्नु भयो । NII (Net Interest Income) तर्फ कुमारीको मात्रै हेर्ने हो भने जम्मा ३८ प्रतिशत मात्रै छ तर त्यो प्रतिस्पर्धी समूहको ६० प्रतिशत भन्दा बढी कमाउँछ तर हामी सवै मिल्ने हो भने पनि ४२ प्रतिशत मात्रै हुने अवस्था भएकोले त्यस तर्फपनि सञ्चालक समितिको ध्यान जान सुझाव गर्नु भयो । मर्जरको लागि शुभ कामना व्यक्त गर्दै आगामी साधारण सभामा पनि बोल्ने अवसर पाउँ भन्ने विचार व्यक्त गर्नु भयो ।

ग) **श्री उद्धव प्रसाद घिमिरेः** उपस्थित सवैलाई सम्वोधन गर्दै कुमारी बैंकले नियमित रुपले लाभाँश नीति अख्तियार गरे अनुसार यस पटक पनि ११ प्रतिशत बोनश शेयर दिएकोमा धन्यवाद । मर्जर पछि पनि उहाँहरुले १५ देखि २० प्रतिशतसम्म लाभाँश दिन सकिने विचार व्यक्त गर्नु भएकोले त्यो पनि स्वागत योग्य छ । अन्तराष्ट्रिय मुद्राकोषले दिएको निर्देशन, बासेल ३ र अन्तराष्ट्रियस्तरको बैंकिंग सेवा दिन, अन्तराष्ट्रिय बजारमा समेत प्रतिस्पर्धा गर्न सकोस र universal banking System मा जान पनि नेपाल राष्ट्र बैंकबाट पुँजि बढाउन निर्देशन दिएको देखिन्छ । सो को लागि मर्जर आवश्यक भएको हो । मर्जर पछि बैंकको नाम र लोगो कुमारी कै हुनु पर्नेमा जोड दिंदै कुमारीको लोगो जापानिज कम्पनी मित्सुविसीसँग मेल खाने, विध्वत वर्ग, सांस्कृतिक विद, पूरातात्विक विदले विचार पुर्‍याएर बनाएको लोगो भएको हुनाले मर्जर पछि पनि यो लोगो यथावत कायम गर्न, अठार पूराणमा पनि लेखिएको, दुर्गा पूजा आदिमा कुमारीको उल्लेख भएकोले यो नाम हटाउन नहुनेमा जोड दिनु भयो । मर्जर हुँदा स्वाप रेसियो हेर्नु पर्छ । कुमारी बैंक सम्पत्ति र दायित्वको हिसावले राम्रो छ, क वर्गको बैंक भएतापनि नेपाल राष्ट्र बैंकले व्यवस्थापन लिएको हुनाले त्यसको सम्पत्ति तथा दायित्वमा विचार पुर्‍याउनु पर्दछ । एनसिसि बैंकको गैह्न बैकिंग सम्पत्ति हरिसिद्धीको जग्गा नेपाल सरकारले पनि कुरा उठाई रहेको र जुन उद्देश्यले लिएको सोही उद्देश्यमा प्रयोग नभएकोले त्यस्तो विवादस्पद सम्पत्तिको DDA मूल्याकंनमा राखिनु हुन्न मर्जर समितिले विचार पुर्‍याओस भन्ने विचार व्यक्त गर्नु भयो । त्यसै गरी DDA हुँदा स्वाप रेसियोमा ध्यान दिईयोस ताकि कुमारी बैंकको एनसिसिको भन्दा कुनै पनि हालतले बढी हुनै पर्दछ त्यसमा निष्पक्ष मूल्याकंन होस । हाल हुन लागेको मर्जरले सफलता प्राप्त गरोस ताकि यो मर्जर सफल भएमा मेघा मर्जरको रुपमा आउँदछ । यद्यपी कुनै कारणवश यो मर्जर हुन नसकेमा यस बैंकको चौधौं वार्षिक साधारण सभाबाट दिएको मर्जर, प्राप्ति तथा DDA सम्वन्धी अधिकार हाल सम्म यथावत कायम रहेकोले त्यसैलाई आधारमानि मर्जर सम्वन्धी थप कार्य अगाडी बढाईयोस त्यसको निरन्तरता स्वरुप आवश्यक छ भने प्रस्ताव खण्डको विविधमा पारित गरियोस भन्ने प्रस्ताव गर्नु भयो । मर्जर पछि चुक्ता पुँजि रु.८ अर्व पुर्‍याउने पहिलो बैंक भएकोले यो स्वागत योग्य छ । सम्पत्ति तथा दायित्व झण्डै ९३ अर्वको हुने अवस्था छ त्यसले रु. १ अर्व भन्दा

बढी कमाउनु पर्छ, कर्मचारी व्यवस्थापन गर्नु पर्छ, डाटा सुरक्षणको व्यवस्था गर्नु पर्छ । त्यसैगरी भुकम्पबाट प्रभावितलाई सेवा पुऱ्याएकोमा धन्यवाद, सम्पत्ति तथा दायित्वमा बृद्धि भएको देखिन्छ, निष्कृय कर्जा घटेको छ र अन्तमा कुमारी बैंकको लोगो र नाम कुनै पनि हालतमा हटाउनु हुन्न र यसमा सञ्चालक समितिले ध्यान दियोस भन्ने सुझाव व्यक्त गर्नु भयो । भोलिका दिनमा नीतिगत सुधार गर्नु पर्छ, बढी प्रतिफल दिन सक्नु पर्छ, ६ वटा संस्था मिलेर बन्न लागेको बैंकको नाम कुमारी र लोगो पनि यहि रहनु पर्दछ । भोलिका दिनमा हुने विशेष साधारण सभाले यो मर्जरको प्रस्तावलाई पास गर्नु पर्छ भनि आफ्नो धारणा राख्नु भयो ।

घ) **अधिवक्ता अशोक उप्रेति :–** उपस्थित सवैलाई सम्वोधन गर्दै बैंकको कार्यसम्पादन सन्तोषजनक छ, प्रतिफल सन्तोषप्रद नै मान्नु पर्दछ, मर्जर सफल भएमा नयाँ अध्यायमा प्रवेश गर्नेछ, उच्च पाँचवटा बैंकमा प्रवेश गर्ने अवस्था देखिन्छ र शेयरधनीहरुले लखपति बन्ने सपना पुरा हुनेछ भन्ने धारणा व्यक्त गर्नु भयो । १५ वर्षमा सोचे अनुरुप सफलता हाँसिल हुन नसकेकोमा सञ्चालकहरुमा भएको किचलोको कारण भएकोले मर्जर जसरी पनि सफल पार्न सुझाव दिनु भयो । यस बैंकको सामाजिक उत्तरदायित्व अन्तर्गत यस पटक भुकम्पको कारण प्रभावितहरुलाई सहयोग गरेता पनि अवका दिनमा एकमात्र जिवित देवी कुमारीमा केन्द्रित गरी उनको शिक्षा दिक्षा, पेन्सन, पूजा, कुमारी घरको मर्मत, कुमारी जात्रा आदिमा समर्पित भई सहयोग गर्दा भावानात्मक र अप्रत्यक्ष सहयोग पुग्ने धारणा राख्दै मर्जर पछि कुमारी नै नाम हुनु पर्ने धारणा व्यक्त गर्नु भयो ।

ङ) **श्री कुवेर श्रेष्ठ (भु.पू. मेजर)** :– उपस्थित सवैलाई सम्वोधन गर्दै कुमारीको नारा नै सधैको लागि सवैको लागि भन्ने भएकोले मर्जर पछि कुमारी नै हुनु पर्ने धारणा राख्नु भयो । १५ वर्ष पुगेको बैंकले १५ प्रतिशत प्रतिफल हुनु पर्नेमा ११ प्रतिशतमात्र भएकोमा अलि चित्त बुझ्दो नभएको तथापी अन्य बैंकहरुले रु.७/ कमाएर रु.१०/ दिने चलन छ तर यो बैंकलै रु.१६/ कमाएर रु.११/ दिनु राम्रो हो भन्ने धारणा राख्नु भयो । हाल शेयरको कितावी मूल्य रु.१३८/ छ र बजार मूल्य रु.४००।५०० भएकोले सवैजना मिलेर राम्रोसँग संचालन गर्ने हो भने यसको मूल्य रु.१,०००/– नाघ्ने निश्चित छ भन्ने धारणा राख्नु भयो । मर्जर पछि पनि २० प्रतिशत नघटाई प्रतिफल दिने प्रतिवद्धता आएमा बजार मूल्य बढ्ने विचार व्यक्त गर्नु भयो । कुमारी बैंकले हालसम्म ११० प्रतिशत बोनश शेयर, ३५ प्रतिशत हकप्रद शेयर र १९ प्रतिशत नगद लाभांश दिएको अवस्थामा यो बैंकलाई नराम्रो भन्न नमिल्ने धारणा राख्नु भयो । यस बैंकले ल्याएको स्वस्थ्य जिवन बचत खाता योजना र सो अन्तर्गत विभिन्न अस्पतालहरुमा जुन छुटको स्किम ल्याएको छ त्यो अत्यन्त प्रशंसनिय छ र शेयरधनीहरुलाई पनि यो छुट सहितको privilege card ल्याई सूचना निकालेमा त्यसले राम्रो सन्देश जाने धारणा राख्नु भयो । वासलात तर्फ कर्जा नोक्सानी व्यवस्थामा रु.५१.५५ करोड नोक्सानी भएको बैंकले कसरी swap ratio मा मद्दत गर्छ भन्दै सो सम्वन्धमा स्पष्ट गर्न अनुरोध गर्नु भयो । मर्जरमा कति सञ्चालकहरुको प्रतिनिधित्व हुन्छ र कर्मचारी मिलानको व्यवस्था के हुन्छ ध्यान दिन अनुरोध गर्नु भयो । शेयरधनीहरु सभामा बढी भन्दा बढी उपस्थित हुनु र सभाको अन्तमा सम्म बस्नु सकारात्मक भन्दै मर्जर आषाढ मसान्त भित्रै सम्पन्न होस, कर्मचारीहरुबाट पूर्ण सहयोग होस र कुनै अनियमितता देखिएमा जानकारी गराएमा शेयरधनीहरुले सहयोग गर्ने आश्वासन दिनु भयो ।

च) **श्री अमिरदास रञ्जितः–** कुमारी बैंकले स्थापनाको १५ वर्ष पुरा गरेको उपलक्ष्यमा १५ प्रतिशत प्रतिफल दिनु पर्नेमा ११ प्रतिशत पनि सन्तोषजनक छ । बैंकको सवै तथ्याङ्कहरु जस्तै portfolio management, income आदि राम्रो रहेको, पौष मसान्त सम्मको प्रगति पनि सन्तोषजनक रहेको र हालसम्मको अवस्थाको

वारेमा जानकारी दिएको भए राम्रो हुन्थ्यो र चालु आ.व.को लक्षित नाफा कति हो स्पष्ट पार्न अनुरोध गर्नु भयो । बोनश शेयर दिंदा भिन्न अंकलाई के गर्ने विचार छ स्पष्ट गर्न, मर्जरको निर्णय स्वागत योग्य छ, मर्जरमा जाँदा swap ratio मा ध्यान दिन, पदिय भन्दा लगानीको हिसावले सोच्न, सम्पत्तिको बजार मूल्यमा नघट्न, निष्कृय कर्जा घटाउन, गैह बैकिंग सम्पत्तिलाई बिक्री गरी swap ratio बढाउन सुझाव गर्नु भयो । NCC Bank को हरिसिद्धीको सम्पत्ती विवादित छ त्यसको मूल्याकंनमा ध्यान दिन र आषाढ भित्रै मर्जर सम्पन्न गरी २० प्रतिशतमा नघट्ने गरी लाभांश दिन सुझाव गर्नुभयो ।

छ) **श्री ब्यास कुमार शर्माः–** बैंकको Performance हेर्दा Paid up capital, Reserve and surplus, Investment, loan portfolio आदि सवै क्षेत्रमा राम्रो रहेको छ । रु.५ करोड भन्दा बढी नाफा बढाउन सफल भएको छ, अधिकांश Financial indicators सुधार भएको छ, NPA को Leval २% ले घटेको छ, भुकम्प र नाकाबन्दी अनि रु.८ अर्वको चुक्ता पुँजिको कारण मर्जरमा जाने निर्णय ठिकै हो । Swap ratio DDA मा नै भर पर्नु पर्दछ, धेरै तलमाथि हुने अवस्था देखिदैन, १० प्रतिशतको Surplus मा कुमारीको माथि नै हुनु पर्ने ध्यान आकर्षण गराउनु भयो । कानुनी पक्षलाई विचार गरी मर्जरको लागि छुट्टै विशेष साधारण सभा गरेर थप खर्च गर्नुको सट्टा मिल्ने भए सञ्चालक समितिले यसै सभाबाट Mandate लिई मर्जर गर्न सुझाव गर्नु भयो ।

ज) **श्री रोज कुमार श्रेष्ठः–** वासलात भन्दा मर्जरको प्रस्तावमा नै बोल्नु उपयुक्त हुने भन्दै नेपाल राष्ट्र बैंकले NCC को द्वीपक्षीय झगडामा कुमारीलाई समेत एकै ठाउँमा राखेर त्यसको अन्त्य गर्ने रणनीति सकारात्मक मान्नु पर्दछ । मर्जर पछि पनि नाम कुमारीको नै हुन्छ भन्ने कुरा पत्रिकाबाट सुन्न आएको छ त्यो के हो, DDA बाट Swap ratio के हुन्छ त्यसले निर्धारण गर्ला, मर्जर हुने अन्य बैंकहरुको मोटामोटी तथ्याङ्क आजको सभामा वितरण गरिदिएको भए राम्रो हुन्थ्यो भन्ने धारणा व्यक्त गर्नु भयो । ११% लाभांश सन्तोषजनक छ र मर्जर आषाढ भित्रै सम्पन्न होस भन्ने शुभ कामना व्यक्त गर्नु भयो ।

झ) **श्री डम्मरु बल्लभ घिमिरेः–** यो बैंक स्थापना गर्न नेतृत्वदायि भुमीका निर्वाह गर्ने मध्येका श्री सन्तोष कुमार लामा हाल अध्यक्ष भई बैंकलाई Safe landing मा लान खोज्नु सकारात्मक भन्दै जसले जन्माउछ उसलाई बढी माया हुन्छ भन्ने धारणा राख्नु भयो । मर्जर आर्थिक अवस्था कमजोर भएर र संस्थागत सुशासन नभएर नभई संस्थापकहरुले पुँजि हाल्न नसक्नु हो भन्दै संस्था कमजोर भएको भए गत साल ३३% मुनाफा दिन नसक्ने धारणा राख्नु भयो । मर्जर स्वागत योग्य छ, यो मेघा मर्जर हो, अध्यक्ष लगायत सञ्चालकहरु आफै सहभागी भएकोले उहाँहरुबाट कर्मचारी, शेयरधनी सवैको हितमा ध्यान दिनु नै हुनेछ भन्दै मर्जर चाँडो भन्दा चाँडो सम्पन्न होस र बैंकको थप प्रगति होस भन्ने शुभ कामना व्यक्त गर्नु भयो ।

ञ) **श्री महेन्द्र श्रेष्ठः–** ११ प्रतिशत बोनश शेयरको लागि धन्यवाद भन्दै मर्जरको निर्णय स्वागत योग्य छ र नाम कुमारीको हुनु पर्छ भन्ने विचार व्यक्त गर्नु भयो । NCC Bank मा २ वटा ग्रुपको झगडामा कुमारी बैंक थपिएर तीन ग्रुप हुने त हैन भन्ने आशंका व्यक्त गर्दै त्यस्तो नहोस र ग्रुपको अन्तहोस अन्यथा बैंक नै Collapse हुन बेर छैन भन्नु भयो । NCC Bank मा संस्थापकहरु आफै कर्जा लिने र नतिर्ने कारणले गर्दा राष्ट्र बैंकले हस्तक्षेप गर्न परेको हो त्यसतर्फ ध्यान सुझाव गर्नु भयो । मर्जरमा Swap ratio मा ध्यान सुझाव गर्दै कुनै पनि हालतमा १०० भन्दा तल हुन नहुने र कुमारी बैंकको NCC Bank भन्दा

माथि नै हुनु पर्ने धारणा राख्नु भयो । बैंकमा हाल नाकाबन्दी र भुकम्पको के कस्तो असर परेको छ सोको जानकारी दिन, मर्जर पछि Hydro र Agriculture secture मा लगानी बढाई भारतको पर निर्भरता घटाउन तथा रोजगारी सृजना हुने क्षेत्रमा लगानी बढाउन सुझाव गर्नु भयो । अन्तमा मर्जर चाँडो भन्दा चाँडो होस र प्रधान कार्यालय काठमाडौंमा राख्ने व्यवस्था होस भन्ने सुझाव पेश गर्नुभयो ।

ट) **श्री जयन्द्रमान सिंह बानियाः–** यस अघिका बक्ताहरु कसैले यो बैंक B 5 मा पर्ने कुरा, कसैले मर्जर पछि Collapse हुन सक्ने कुरा, कसैले Swap ratio को कुरा, कसैले DMAT खाताको कुरा आदि गऱ्यो भन्दै DMAT खाता भूतले खाजा खाने बेलमा आयो, सबै बैंकले शुरु गरी सके पछि अहिले ढिलो ल्याउंदा नोक्सानीमा पर्न सक्छ भन्नु भयो । यो बैंक धेरै राम्रो पनि छैन र धेरै नराम्रो पनि छैन भन्दै NCC बैंक Liquidation जान लागेको अवस्था भन्दा यो बैंक Slow growth स्थितिमा राम्रो रहेको धारणा व्यक्त गर्नु भयो । Capital Adequacy below 11 मा झरेको छ, NPA सुधार गरेको छ, कमाउने श्रोत ब्याज अन्तर ३% मा झरेको छ, Assets Mobilation 1% मा झरेको छ जुन २% भएको भए राम्रो हुन्थ्यो भन्ने धारणा राख्नु भयो । पुँजि योजना हेर्दा मर्जर पार्टनरको Capital कम राखे पुग्ने देखाएकोले कुमारीले रु.१०० राख्दा NCC ले रु.८० हाले पुग्ने देखिन्छ भन्नु भयो । अहिलेको Performance हेर्दा B 5 नभई B 10 मा पर्ने धारणा राख्नु भयो । तथापी गत वर्षको दाँजोमा खुद व्याज आम्दानी रु.८३ करोडबाट रु.९२ करोड पुऱ्याएको छ, संचालन र कमिशन आम्दानी कमजोर छ, Foreign Exchange र खुद मुनाफामा बृद्धि भएको सकारत्मक छ भन्नु भयो । पूर्व वक्ताले भनेको जस्तो कर्जा नोक्सानी व्यवस्था नोक्सानी नभई व्यवस्थापन सक्षम भए उठ्न सक्ने रकम हो भन्दै एउटा Target बनाएर हिड्न सुझाव गर्नु भयो । अन्तमा मर्जरमा जाँदा हामी कम छैनौ भन्ने धारणाका साथ प्रस्तुत हुन र नाम कुमारीकै हुनु पर्ने विचार व्यक्त गर्नु भयो ।

ठ) **श्री शिव प्रसाद शर्माः–** मर्जरमा गएर कुमारीको अस्तित्व नमेटाउन सुझाव दिंदै कुमारीको नाम राम्रो छ त्यो कायम गर्न, ६ वटा संस्था मिल्दा संस्थागत शुसासनमा ध्यान दिन, मर्जर पछि कति वटा शाखा संख्या हुन्छ, कुन शाखाबाट के कति नाफा कमाउन सक्छ त्यो दिएको भए र छ वटै संस्थाको मोटामोटी तथ्याङ्क दिएको भए राम्रो हुने धारणा राख्नु भयो । साना साना क्षेत्रमा लगानी बढाउन, कृषी र जलस्रोतमा लगानी गर्न सुझाव गर्नु भयो । मर्जर अनिवार्य जस्तै भएकोले जो सुकैसँग मर्ज नगरी अव मर्ज हुन संस्थाको अवस्थामा ध्यान दिनु पर्ने धारणा राख्नु भयो । हामी हिन्दु धर्म मान्ने भएकोले कुमारी नाम कायम भएमा राम्रो हुने धारण व्यक्त गर्नु भयो । अन्तमा ११ प्रतिशत बोनश शेयरको लागि पनि धन्यवाद दिनु भयो ।

**ड)** लिखित मन्यव्य दिने शेयरधनी श्री नरसिंह लाल चंखु :– वासलात केही हदसम्म राम्रो छ, जगेडाकोष बृद्धि गर्नु पर्ने, निक्षेप, लगानी र कर्जा प्रवाहमा प्रगति भएको देखिन्छ, ब्याज आम्दानी बढाउनु पर्ने देखिन्छ, Forex management, Loan portfolio management मा ध्यान दिनुपर्छ, आम्दानीका शिर्षकहरुलाई मजबुत बनाउनु पर्ने देखिन्छ, ROA & ROI सुधारको लागि जोड दिनु पर्छ, Earning Assets Mgmt. Assets turnover ratio प्रबर्द्धन गर्नु पर्ने, Debit to Equity Ratio सुधार गर्नु पर्ने, कर्जा असुलीमा ध्यान दिनु पर्ने, ब्याज आम्दानी घटेको, कर्जा सापट र कुल सम्पत्तिमा खुद नाफा घटेकोले सुधार गर्नु पर्ने, Fund mgmt. मा सुधार गर्नुपर्ने, विभिन्न जोखिम तर्फ सजग हुनु पर्ने, मर्जरमा जाँदा HR mgmt., Data mgmt. मा सजग हुन र Working & other culture समन्वय हुनु पर्ने, शाखाहरुको Activation profit base हुनुपर्ने र अन्तमा Business plan, Strategy plan र Marketing Strategy को साथ कार्य गर्नुपर्ने सुझाव दिंदै कम्पनीको प्रगतिको कामना गर्नु भयो ।

**१३) सभामा पेश भएका सुझाव तथा सवाल जवाफको प्रस्तुतिकरण :**

छलफलमा सहभागी शेयरधनी महानुभावहरुले पेश गर्नु भएका आ–आफ्नो मन्तव्य, जिज्ञासा, सुझाव तथा प्रतिक्रियाहरुलाई अध्यक्षज्यूले बुँदागत जानकारी गराउनु भयो । साथै मर्जर सम्वन्धी विषयमा सञ्चालक, मर्जर समितिका संयोजक एवं संयुक्त मर्जर समितिका सदस्य डा. शोभाकान्त ढकालले जानकारी गराउने व्यहोरा अवगत गराउनु भयो । सो जवाफ तथा प्रष्टिकरणलाई एकिकृत तथा सारांशको रुपमा निम्न अनुसार प्रस्तुत गरिएको छ :–

**<u>सर्व प्रथम सञ्चालक डा. शोभा कान्त ढकालज्यूद्वारा प्रस्तुत जानकारी :</u>**

वक्ता शेयरधनी साथीहरुले मन्तव्य दिने क्रममा उठाउनु भएको जिज्ञासा, सल्लाह, सुझाव र शुभकामनाहरुको लागि हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो । उहाँहरुद्वारा ब्यक्त जिज्ञासाका अन्य विषयहरुमा अध्यक्षज्यूले जानकारी गराउनु हुने व्यहोरा अनुरोध गर्दै मर्जर सम्वन्धी विषयमा मात्र आफुले प्रस्ट पार्ने व्यहोरा अनुरोध गर्नुभयो ।

१) बैंक १५ वर्ष पुगेको अवस्थामा बैंकको बारेमा यहाँहरु आफै जानाकार हुनु हुन्छ भन्नु हुँदै मर्जरको सम्वन्धमा यहाँहरुले दिएको Mandate अनुसार नै Merger Committee गठन गरी आफुहरु अगाडी बढेको व्यहोरा अवगत गराउनु भयो ।

२) यस बैंकले मर्ज गर्नको लागि उपयुक्त सवै खालको बैंक, वित्तीय संस्थाहरुसँग चरणवद्ध छलफल चलाएको (जस्तैः एभरेष्ट बैंक, सिद्धार्थ बैंक, सनराईज बैंक, लुम्विनी बैंक, भृकुटी डेभलोपमेन्ट बैंक, पश्चिमाञ्चल फाईनान्स आदिसँग) विभिन्न चरणको कुराकानि पछि मर्जरको एउटा चरणमा पनि पुगेको र पछि कुनै १।२ वटा कारणले त्यो प्रकृया असफल हुन पुगेको व्यहोरा समेत प्रस्तुत गर्नु हुँदै मर्जर आफैमा कठिन कार्य भएको व्यहोरा जानकारी गराउनु भयो ।

३) यस बैंकले मर्जर गर्दा कुन बैंकसँगको Swap ratio के कति हुन सक्छ भनि प्राप्त तथ्याङ्कको आधारमा सम्भावित बैंक, वित्तीय संस्थासँगको Swap ratio निकालि आफ्नो तर्फबाट प्रशस्तै गृहकार्य गरेको व्यहोरा अनुरोध गर्नु भयो ।

४) मर्जर गर्दा सवै कुरा खुलेर गर्न नमिल्ने भएकोले भने जस्तो सजिलो नभएको, मर्जरको छलफलमा मर्जर समिति वाहेकका सञ्चालकहरु, संस्थापकहरु, प्रमुख कार्यकारी अधिकृत, आवश्यकतानुसार अन्य कर्मचारी तथा अन्य सरोकारवालासँग पनि सामुहिक छलफल गरी निर्णय लिने प्रचलन रहेको व्यहोरा जानकारी गराउनु भयो ।

५) मर्ज गर्दा सवै पक्षको Swap ratio निष्पक्ष ढंगले आउनु पर्छ र कुनै आग्रह पूर्वाग्रहबीना सम्पत्तिको मूल्याकंन हुनु पर्नेमा मर्जर समिति सचेत रहेको व्यहोरा अवगत गराउनु भयो ।

६) NCC Bank सँगको मर्जर प्रकृया हचुवाको भरमा नभई धेरै चरणको कुराकानी पछि निर्णय लिएको, उक्त बैंकको साविकको स्थितिबाट माथि उठेको अवस्था रहेको, तथापी यस बैंकको चुक्ता पुँजि, सम्पत्ति, निक्षेप, शाखा संख्या, आदिको कारण हामी अगाडी रहेको व्यहोरा अवगत गराउनु भयो ।

७) शेयरधनीहरुले उठाएको सम्पत्तिको कुरामा मर्जर समिति सचेत रहेको छ यसमा कानुनी पक्षलाई हेरेर उपयुक्त निर्णय हुने नै छ । नामको वारेमा कुमारीको नाम अगाडी हुनु पर्ने हाम्रो भनाई राखेका छौं, अवको नेतृत्व कुमारी बैंकले गर्ने व्यहोरा समेत यहाँहरुलाई जानकारी गराउँदछौं भन्नु भयो ।

८) मर्जर गर्न समय तालिका बनाएर अगाडी बढेको र DDA ले पनि तोकेको समय भित्रै प्रतिवेदन दिने अपेक्षा गरेका छौं र यथाशक्य आषाढ मसान्त भित्रै मर्जर कार्य सम्पन्न गर्ने लक्ष्य रहेको व्यहोरा जानकारी गराउनु भयो ।

९) कर्मचारीहरुको व्यवस्थापन पनि Right man right place को नीति अख्तियार गरिनेछ, मर्जर पछि पनि सम्भव भएसम्म २० प्रतिशत प्रतिफल दिनु पर्छ भन्ने पक्षमा छौं भन्ने व्यहोरा जानकारी गराउनु भयो ।

१०) अन्तमा मर्जर गर्नको लागि विशेष साधारण सभा गर्नै पर्ने भएकोले त्यसमा यहाँहरु सवै उपस्थित हुन र आफ्ना साथि भाईहरुलाई पनि खवर गरि साधारण सभामा सहभागी हुन अनुरोध गर्दै मर्जरको लागि थप केही सल्लाह गर्नु पर्ने भएमा यहाँहरु लगायत अन्य सम्वध्द पक्षहरुसँग थप छलफल गरि अगाडी बढ्ने व्यहोरा अवगत गराउनु भयो । यस पछि अन्य कुराहरु अध्यक्षज्यूले नै जानकारी गराउने व्यहोरा अनुरोध गर्नु भयो ।

सञ्चालक डा. शोभाकान्त ढकालको जवाफ पछि अध्यक्षज्यूले देहाय बमोजिम उत्तर दिनु भयो :–

१) यस बैंकको २०७२ को कितावी नेटवर्थ प्रति शेयर रु.१४७/ रहेको छ जुन अन्य बैंकहरुको average दरको हाराहारिमा रहेको व्यहोरा अनुरोध गर्नु भयो ।
२) गैर संचालन नोक्सानी अन्तर्गत रहेको रु.७८ लाख गैह्र बैकिंग सम्पत्तिको लेखाकंन गर्दा सम्पत्तिको मूल्यले नखामेकोले उत्पन्न नोक्सानी हो । रु.५१.५५ करोड कर्जा नोक्सानी व्यवस्था मात्र हो यो खुद नोक्सानी होईन । नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अनुसार राख्नु पर्ने नोक्सानी व्यवस्था भएकोले उक्त नोक्सानी व्यवस्था कर्जा असुल उपर भएको अवस्थामा फिर्ता हुने रकम हो ।
३) यस वर्षको लक्षित खुद मुनाफा रु.५४ करोड, कर्जा लगानी रु.३२ अर्व, निक्षेप रु.३८ अर्व र रु.९० करोडको संचालन मुनाफा रहेको व्यहोरा जानकारी गराउनु भयो । सवै अवस्था सामान्य भएमा उक्त लक्ष्य हाँसिल हुने व्यहोरा समेत आश्वस्थ तुल्याउनु भयो ।
४) भुकम्प तथा नाकाबन्दीको कारण कर्जाको मागमा आएको गिरावट र अधिक तरलताको कारण कर्जाको ब्याज घट्दो अवस्थामा रहेको हुँदा आम्दानीमा संकुचन हुन गएको व्यहोरा अनुरोध गर्नु हुँदै वाँकी विषयहरुमा प्रमुख कार्यकारी अधिकृतले जानकारी गराउने व्यहोरा अनुरोध गर्नुभयो ।

का.मु. प्रमुख कार्यकारी अधिकृतले देहाय बमोजिम जानकारी गराउनु भयोः–

१) शेयरधनीज्यूहरुले सुझाव गरेनुसार Share swap ratio बढाउनको लागि बैंकले कर्जा उठतीमा ध्यान केन्द्रित गरी मुनाफा बढाउनतिर लागेको, Share swap ratio Net adjusted assets method अनुसार सवै खालको सम्पत्तिहरुको मूल्याकंन गर्ने जस्तैः निष्कृय कर्जा अन्तर्गतको सम्पत्ति, गैह्र बैकिंग सम्पत्ति, बैंकको अन्य सम्पत्तिको मूल्य हिसाव गरिनेछ । ति सवै क्षेत्रहरुमा यस बैंकको अवस्था राम्रो भएकोले शेयर मूल्य पनि राम्रो आउने अपेक्षा रहेको व्यहोरा जानकारी गराउनु भयो ।
२) सामाजिक उत्तरदायित्व तर्फ बैंकले शिक्षा र स्वस्थ्य क्षेत्रमा केन्द्रित गरेको छ । साथै कुमारीको अवकाश पछि शिक्षाको लागि वार्षिक रु.५०,०००/ छुट्याएको, कुमारीको जात्रामा सहयोग गर्ने गरेको र यस पटक भुकम्पको कारण कुमारी घर मर्मतको लागि रु.५ लाख मर्मत खर्च दिएको व्यहोरा अनुरोध गर्नु भयो । भुकम्पबाट प्रभावित काभ्रे, धादिङ, गोरखा र नवलपरासीका जनताहरुलाई जस्तापाता वितरण गरेको व्यहोरा जानकारी गराउनु भयो । शिक्षा तथा स्वास्थ्य तर्फ नियमित रुपमा स्वास्थ्य क्याम्प संचालन गर्ने र विपन्न तथा जेहेन्दार छात्र–छात्राहरुलाई छात्रबृत्ति दिने चलन रहेको व्यहोरा अनुरोध गर्नु भयो ।
३) नाकाबन्दीको कारण अन्यौलपूर्ण रहेकोले कर्जा लगानीमा सजग भएर खासै लगानी गरेनौ सोको कारण हाल Growth कम देखिएको हो अवका दिनमा कर्जा लगानी बढाउने पक्षमा छौं भन्दै मर्जर पछि पुँजि बढी हुने भएकोले साना लगानीले मात्र नपुग्ने हुँदा सुझाव अनुसार जलबिद्युत र कृषिमा पनि लगानी बढाउने नीति अख्तियार गरिने व्यहोरा जानकारी गराउनु भयो ।

अन्तमा अध्यक्षज्यूले यस सभामा शेयरधनी साथीहरुबाट थुप्रै बहुमूल्य सुझावहरु दिनु भएकोले ति सुझावहरुलाई फेरी पनि सञ्चालक समिति तथा व्यवस्थापन समूह विच छलफल गरी उपयुक्त देखिएका र सम्भव भए सम्मका सुझावहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गरीने विश्वास दिलाउनु भयो । सम्पूर्ण शेयरधनी साथीहरुबाट प्राप्त सल्लाह, सुझाव, भावना आदिको उच्च सम्मान गर्दै आगामी दिनहरुमा समेत निरन्तर सहयोग, सल्लाह र सुझावको अपेक्षाका साथ सभामा प्रस्ताव गरिएका विषयहरुलाई पारित गरी दिनको लागि अनुरोध गर्नुभयो । साथै निर्धारित कार्यक्रम अगाडि बढाउन कम्पनी सचिवलाई निर्देशन दिनुभयो ।

कम्पनी सचिवले अध्यक्षज्यूको निर्देशनानुसार सभाको निर्धारित विषयसूची बमोजिम सभामा प्रस्तावित विषयहरु निर्णयार्थ पेश गर्ने अनुमति चाहान्छु भन्दै छलफलका विषयहरुलाई तीन चरणमा विभाजन गरिएको जसअनुसार सामान्य प्रस्ताव, विशेष प्रस्ताव र विविध रहेकोले सर्व प्रथम सामान्य प्रस्ताव निर्णयार्थ पेश गरि त्यसपछि क्रमैसँग विशेष प्रस्ताव पारित गरीदिन र विविध शिर्षकको लागि समेत आ–आफ्नो स्थानवाट तालि बजाई क्रमैसंग पारित गरिदिन अनुरोध गर्नुभयो ।

**१४) सभाको प्रस्ताव तथा निर्णयहरुः–**

**क. सामान्य प्रस्ताव**

**१. पन्ध्रौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।**

सभाको निर्धारित विषयसूचीको नम्वर १ मा रहेको सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गरीयोस भनी राखेको प्रस्ताव सभाबाट कर्तल ध्वनीका साथ ताली बजाई सर्वसम्मतिले पारित गरियो ।

**२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७१/७२ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७२ को वासलात, आ.व. २०७१/७२ को नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण, नाफा नोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्वद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने ।**

प्रस्ताव नंवर २ अन्तर्गत रहेको लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७१/७२ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७२ को वासलात, आ.व. २०७१/७२ को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, नाफा नोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्वद्ध अनुसूचीहरु समेत) उपर छलफल गरी पारित गरि दिन गरिएको प्रस्तावलाई सभावाट कर्तलध्वनीका साथ ताली बजाई सर्वसम्मतिले पारित गरियो ।

**३. आ.व.२०७२/७३ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने (वर्तमान लेखापरीक्षक श्री देव एशोसियट्स पुनः नियुक्तीको लागि ग्राह्य हुनु हुन्न) ।**

विषयसूची नं.३ अन्तर्गत रहेको आर्थिक वर्ष २०७२/७३ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमीक तोक्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दा सभाले लेखापरीक्षण समितिद्वारा सिफारिस गरीएको BRS Neupane & Co. का CA Anup Kumar Shrestha लाई नियुक्त गर्ने र पारिश्रमिक समेत लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम मूल्य अभिबृद्धि कर वाहेक जम्मा रु.४,२०,०००/– (जसमा स्टाच्युटरी अडिट फि रु.१,६०,०००/–, ट्याक्स अडिट फि रु.१,६०,०००/–, लङ्गफर्म अडिट रिपोर्ट फि रु.७२,०००/– र कम्पनी ऐनको दफा ७८ प्रमाणित फि रु.२८,०००/– हुनेगरी) (अक्षरुपी चार लाख बिस हजार मात्र) भुक्तानी गर्ने निर्णय गरीयो । साथै शाखाहरुको भ्रमण गर्दा लाग्ने यातायात, स्टेशनरी तथा अन्य खर्चहरुको

सम्वन्धमा समेत मूल्य अभिबृद्धि कर वाहेक एकमुष्ट रु.४,२०,०००/– दिने निर्णय सहित कुल भुक्तानी कर वाहेक रु.८,४०,०००/– र मूल्य अभिबृद्धि कर रु.१,४९,२००/– समेत गरी कुल रु.९,४९,२००/– ( अक्षरुपी नौ लाख उनान्चास हजार दुई सय मात्र) मा ननाघ्ने गरी भुक्तानी दिन भएको प्रस्तावलाई सभाबाट सर्वसम्मतिले तालि बजाई पारित गरियो ।

४. **सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम रु.१,४०,७८,१५६/– (चुक्ता पुँजीको ०.५८ प्रतिशत) नगद लाभाँश (बोनश शेयरमा लाग्ने कर प्रयोजनार्थ) स्वीकृत गर्ने ।**

प्रस्ताव नं.४ मा रहेको सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम रु.१,४०,७८,१५६/– (चुक्ता पुँजीको ०.५८ प्रतिशत) नगद लाभाँश स्वीकृत गर्ने प्रस्तावलाई सभाले कर्तलध्वनीका साथ तालि बजाई सर्वसम्मतिले पारित गरीयो ।

**ख. विशेष प्रस्ताव**

१. **सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पुँजीको ११ (एघार) प्रतिशत बोनश शेयर स्वीकृत गर्ने तथा सोको लागि प्रबन्धपत्रको दफा ५ (ख) र (ग) शंसोधन गरी बैंकको जारी पुँजी र चुक्ता पुँजी बृद्धि गर्ने ।**

प्रस्तावित विषय सूचिको (ख) मा रहेको विशेष प्रस्ताव अन्तर्गतको (१) मा सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पुँजीको ११ (एघार) प्रतिशत बोनश शेयर स्वीकृत गर्ने तथा सोको लागि प्रबन्धपत्रको दफा ५ (ख) र (ग) मा देहाय बमोजिम हुने गरी शंसोधन गरी बैंकको जारी पुँजी र चुक्ता पुँजी बृद्धि गर्ने प्रस्तावलाई सभाले कर्तलध्वनीका साथ तालि बजाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो :–

**प्रबन्धपत्रको दफा ५ (ख)** "बैंकको तत्काल जारी गर्ने शेयर पुँजी रु.२,६९,९१,६६,५३१/६० (अक्षरुपी दुई अर्ब उनन्सत्तरी करोड एकानब्बे लाख छैसट्ठी हजार पाँच सय एकतिस पैसा साठी मात्र) हुनेछ ।"
**प्रबन्धपत्रको दफा ५ (ग)** "बैंकको तत्काल चुक्ता पुँजी रु.२,६९,९१,६६,५३१/६० (अक्षरुपी दुई अर्ब उनन्सत्तरी करोड एकानब्बे लाख छैसट्ठी हजार पाँच सय एकतिस पैसा साठी मात्र) हुनेछ ।"

२. **बैंकको प्रबन्धपत्रमा रहेको बैंकको उद्देश्य प्राप्तिका लागि गरिने कार्यहरु (दफा ४ को उपदफा (ह) (१६)) थप गर्ने र सो संशोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न सुझाव भएमा सो अनुरुप आवश्यक समायोजन गर्न सञ्चालक समिति (वा समितिले तोकेको व्यक्ति) लाई अधिकार प्रदान गर्ने ।**

बैंकको प्रबन्धपत्रमा रहेको बैंकको उद्देश्य प्राप्तिका लागि गरिने कार्यहरु (दफा ४ को उपदफा (ह) (१६)) थप गर्ने प्रस्तावलाई देहाय बमोजिम हुने गरि थप गर्न तथा सोमा र नियमनकारी निकायबाट फेरबदल गर्न सुझाव भएमा सो अनुरुप आवश्यक समायोजन गर्न सञ्चालक समिति (वा समितिले तोकेको व्यक्ति) लाई अधिकार प्रदान गर्ने प्रस्तावलाई सभाले तालि बजाई सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो :–

**प्रबन्ध पत्रको दफा ४(ह) (१६)** "प्रचलित कानुनको अधिनमा रही नियमनकारी/अन्य निकायको स्वीकृति लिइ मर्चेन्ट बैकिंग, धितोपत्र दलाल, धितोपत्र व्यापारी सम्बन्धी कार्यहरु गर्ने ।"

३. **कम्पनी ऐन, २०६३ को दफा १०५ (१) (ग) अनुसार भएको कार्यको अनुमोदन गर्ने ।**

सभाले विशेष प्रस्ताव अन्तर्गत रहेको कम्पनी ऐनको दफा १०५ (१) (ग) अनुसार भएको कार्यलाई सर्वसम्मतिले स्वीकृत एवं अनुमोदन गर्ने निर्णय गरियो ।

**ग. विविध ।**

सभाले कुमारी बैंक लि. र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि. लगायत अन्य चारवटा विकास बैंकहरु ( इन्फ्रास्ट्रक्चर डेभलपमेण्ट बैंक लि., एपेक्स डेभलपमेण्ट बैंक लि., सुप्रिम डेभलपमेण्ट बैंक लि. र इण्टरनेसनल डेभलपमेण्ट बैंक लि.) बीच मिति २९ पौष २०७२ मा एक आपसमा गाभ्ने/गाभिने सम्बन्धी सहमति पत्रमा हस्ताक्षर भै नेपाल राष्ट्र बैंकमा सैद्धान्तिक सहमतिको लागि निवेदन दिइएको र यी सम्पूर्ण संस्थाहरुको मूल्यांकन लेखा परीक्षण गर्नका लागि चार्टर्ड एकाउन्टेन्ट फर्म पी.वाई.सी एण्ड एसोसिएट्सलाई नियुक्त गरिएको व्यहोरा सञ्चालक समितिको प्रतिवेदनबाट जानकारीमा लिंदै उक्त कार्यलाई अनुमोदन गर्ने निर्णय गरियो । साथै कथमंकदाचित उपरोक्त बैंकहरुसँगको मर्जर प्रकृया कुनै पनि कारणले टुट्न गएमा वा असफल भएमा यस अघि मिति २०७१ कार्तिक २६ गते सम्पन्न बैंकको चौधौ वार्षिक साधारण सभाबाट पारित प्रस्ताव नं. (ख) ३ मा रहेको “कुमारी बैंक लि.र अन्य कुनै उपयुक्त बैंक, वित्तीय संस्थाको खोजि गरी एक आपसमा गाभ्न, गाभिन (मर्ज गर्न), प्राप्ति गर्ने वा लक्षित संस्थालाई समाहित गर्न सञ्चालक समिति वा सो समिति अन्तर्गत मर्जर समिति गठन गरी सम्पूर्ण प्रकृया अवलम्वन गरी कार्य अगाडी बढाउन साधारण सभावाट सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्न गरिएको प्रस्ताव” लगायत र सो कार्य सम्पन्न गर्ने प्रयोजनार्थ सोही सभाबाट पारित प्रस्ताव नं. (ख) ४ मा रहेको “कुमारी बैंक लि. र आवश्यकतानुसार लक्षित संस्थाको चल–अचल सम्पत्ति र दायित्व तथा कारोवारको पछिल्लो मूल्याङ्कन (Due Diligence Audit, DDA) गर्न मान्यता प्राप्त (स्वदेशी वा विदेशी) मूल्याङ्कनकर्ता नियुक्ती गर्न, निजको पारिश्रमिक तोक्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने” अधिकार हालसम्म यथावत कायम रहेकोले सोको निरन्तरता दिने निर्णय समेत यो सभाले कर्तलध्वनीको साथ सर्व सम्मतिले पारित गर्ने निर्णय गरियो ।

सभाको अन्तमा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिबाट प्रस्तावित प्रस्तावहरु लगायत विविध शिर्षक समेतलाई सर्वसम्मतिले पारित गरी दिनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अध्यक्षज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो । साथै सभालाई सफलताका साथ सम्पन्न गर्न सहयोग पुर्‍याउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लि., लेखापरीक्षक, कानूनी सल्लाहकार, सञ्चालक साथीहरु, बैंकका कर्मचारीहरु सम्वद्ध सवैप्रति हार्दिक आभार प्रकट गर्दै अध्यक्षज्यूले अपरान्ह २:३० बजे सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| ........(दस्तखत)....... | ........(दस्तखत)........ |
| नरेन्द्र प्रसाद छत्कुली | सन्तोष कुमार लामा |
| कम्पनी सचिव | अध्यक्ष-सञ्चालक समिति |